**फर्क है वैज्ञानिक** सम्वन्धी कार्यविधि उपर राय सुझाव उपलब्ध गराउने बारे सार्वजनिक सूचना !!!

यस मन्त्रालयको वार्षिक स्वीकृत कार्यक्रम अनुसार वैज्ञानिक प्रतिभा पलायन नियन्त्रण गर्ने तथा विदेशमा रहेका वैज्ञानिकहरुलाई स्वदेशमा रोजगारीको वातावरण सिर्जना गर्ने उद्देश्यले तयार पारिएको **फर्क है वैज्ञानिक सम्वन्धी कार्यविधि, २०७३** को मस्यौदा निम्न बमोजिम छ | सो उपर आफ्नो राय तथा सुझावहरु निम्न ठेगानामा उपलब्ध गराई दिनु हुन प्राज्ञिक, वैज्ञानिक, विद्यार्थी तथा सम्वद्ध सबै महानुभावहरुमा अनुरोध छः

**निम्न**ः

**विज्ञान तथा प्रविधि मन्त्रालय,**
**सिंह दरबार, काठमाडौं**
**फोनः** ०१-४२११६९८/ ४२११७७८
**इमेलः** info@most.gov.np, krissgaihre@gmail.com

# फर्क है वैज्ञानिक कार्यक्रम संचालन कार्यविधि, २०७३

नेपालबाट विगत केही वर्षदेखि चिकित्सा शास्त्र, इन्जिनियरिङ्ग, कृषि, वन विज्ञान लगायत विज्ञान तथा प्रविधिका विविध विषयहरूमा उच्च शिक्षा अध्ययनका क्रममा विदेशिने विद्यार्थीहरुको संख्या वृद्धि हुदै गई रहेकाले त्यस्ता प्रतिभाहरुलाई स्वदेशभित्र उपयुक्त अवसरको प्रत्याभूति गर्न, उच्च शिक्षा समाप्ति पछि विदेशमा नै पलायन हुने प्रवृत्तिलाई निरुत्साहित गरी उनीहरूले प्राप्त गरेको ज्ञान स्वदेशको विकास निर्माणमा उपयोग गर्नु पर्ने तथ्यलाई मनन गर्दै, उनीहरूलाई अनुसन्धानका आधारभूत सुविधा उपलब्ध गराउने तथा स्वदेश फर्काउने वातावरणको सिर्जना गर्नुपर्ने आवश्यकता देखिएकोले नेपाल सरकार, विज्ञान तथा प्रविधि मन्त्रालयले यो कार्यविधि बनाएको छ।

परिच्छेद-१

## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यो कार्यविधिको नाम " फर्क है वैज्ञानिक कार्यक्रम संचालन कार्यविधि, २०७३" रहेको छ।

(२) यो कार्यविधि मन्त्रालयवाट स्वीकृत भएको मिति देखि लागु हुनेछ।

२. परिभाषा : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) "मन्त्रालय" भन्नाले विज्ञान तथा प्रविधि मन्त्रालय सम्झनु पर्छ।

(ख) "वैज्ञानिक" भन्नाले कृषि, इन्जिनियरिङ, चिकित्सा शास्त्र, वनविज्ञान लगायत विज्ञान तथा प्रविधिका विविध विषयहरुमा कुनै पनि स्वदेशी वा विदेशी विश्वविद्यालयबाट उच्च शिक्षा प्राप्त गरेको नेपाली नागरिक सम्झनु पर्छ।

(ग) "स्वदेशी विश्वविद्यालय " भन्नाले नेपाल सरकारबाट मान्यता प्राप्त नेपालका विश्वविद्यालय सम्झनु पर्छ।

(घ) "समिति" भन्नाले दफा ६ बमोजिमको छनोट समिति सम्झनु पर्छ।

परिच्छेद-२

## वैज्ञानिकको योग्यता तथा अनुसन्धान गर्नुपर्ने संस्था सम्बन्धी व्यवस्था

३. वैज्ञानिकको योग्यता : यस कार्यविधिको प्रयोजनको लागि वैज्ञानिकको योग्यता देहाय बमोजिम पुरा भएको हुनु पर्नेछ :-

(क) नेपाली तथा गैर आवासीय नेपाली नागरिक,

(ख) कृषि, इन्जिनियरिङ, चिकित्सा, वनविज्ञान लगायत विज्ञान तथा प्रविधिका विविध विषयहरुमा कम्तिमा स्नातकोत्तर वा सो भन्दा माथिको उपाधी हासिल गरेको,

(ग) उच्च शिक्षा अध्ययनका क्रममा उत्कृष्ट प्रकाशनहरू गरेको साथै एक वा एकभन्दा बढी Scientific Citation Index(SCI) को राष्ट्रिय तथा अन्तर्राष्ट्रिय जर्नलहरूमा कम्तीमा दुईवटा अनुसन्धनात्मक शोधहरू प्रथम लेखक (First Author) को रुपमा प्रकाशित गरेको,

(घ) ६० वर्ष भन्दा बढी उमेर ननाघेको,

(ङ) एकल वा समुहमा अनुसन्धान गर्न सक्ने क्षमता भएको,

(च) प्राज्ञिक पृष्ठभूमि भएको ।

४. अनुसन्धान गर्नुपर्ने संस्था : यस कार्यक्रम अन्तर्गत छनोट हुने वैज्ञानिकले अनुसन्धान गर्नुपर्ने संस्था सम्बन्धी व्यबस्था देहाय बमोजिम हुनेछ :-

(क) वैज्ञानिकले नेपालमा रहेका कुनै पनि सरकारी वा सरहका सरकारी अनुदान प्राप्त अनुसन्धान केन्द्रहरु, वा प्रतिष्ठान वा नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठान वा विश्वविद्यालय अन्तर्गत रहेर शोध गर्नु पर्नेछ ,

(ख) आफू कुन संस्था अन्तर्गत रहेर शोध गर्ने हो त्यसको चयन वैज्ञानिक स्वयंले गर्नु पर्नेछ

(ग) संस्थाले वैज्ञानिकलाई आवश्यक पर्ने कोठा, प्रयोगशाला, उपकरण तथा प्रशासनिक सहयोग जस्ता आधारभूत सुविधा उपलव्ध गराउनु पर्नेछ ,

(घ) अनुसन्धानको अवधि तीन महिना देखि पाँच वर्ष सम्मको हुन सक्नेछ ,

(ङ) अनुसन्धानवृत्ति नवीकरण गर्न सकिनेछ ,

(च) यस कार्यक्रम अन्तर्गत छनोट हुने वैज्ञानिकले पूर्णकालीन शोधकर्ताका रूपमा काम गर्नु पर्नेछ । स्वदेशी वा विदेशी अन्य संस्थाबाट कुनै पनि शोधवृत्ति लिन पाइने छैन । शोध अवधिभर समानान्तर रूपमा अन्य संस्थामा काम गर्न पाइने छैन ,

(छ) वैज्ञानिकले प्रत्येक तीन महिनामा आफ्नो अनुसन्धानको प्रगति विवरण आफू सम्बद्ध संस्था मार्फत् मन्त्रालयमा पेश गर्नु पर्नेछ ,

(ज) वैज्ञानिकले गरेको बाट सृजना हुने वौद्धिक सम्पत्ति शोधको नतिजा राष्ट्रिय/अन्तराष्ट्रिय जर्नल वा पेटेन्टको रुपमा प्रकाशित गर्नु पर्नेछ ।

(झ) प्रतिलिपि अधिकार प्रचलित कानून वमोजिम हुनेछ ।

## परिच्छेद-३

## सुचना प्रकाशन तथा आवेदक छान्ने प्रक्रिया सम्बन्धी व्यबस्था

५. सुचना प्रकाशन गर्नुपर्ने : (१) मन्त्रालयले वैज्ञानिकहरुको लागि प्रत्येक वर्ष सार्वजनिक रुपमा राष्ट्रिय स्तरको दैनिक पत्रिकामा कम्तीमा ३० दिनको सुचना प्रकाशन गरी शोधप्रस्ताव सहितको दरखास्त आव्हान गर्नेछ ।

(२) उपदफा (१) वमोजिम प्रकाशित गरेको सुचना Web Site मा समेत राख्नु पर्नेछ ।

(३) मन्त्रालयले वैज्ञानिकहरुको लागि तोकेको समयावधी भित्र वैज्ञानिकहरुले दरखास्त पेश गर्नुपर्नेछ । दरखास्तको नमुना अनुसूची १ मा तोकिए बमोजिम हुनेछ ।

(४) वैज्ञानिकहरुले दरखास्त पेश गर्दा शोधप्रस्ताव सहितको दरखास्त पेश गर्नुपर्नेछ । शोधप्रस्तावको नमुना अनुसूची २ मा तोकिए बमोजिम हुनेछ ।

(५)वैज्ञानिकहरुले शोधकार्य गर्नको लागि छनोट गरिएको सम्बन्धित संस्था प्रमुखको स्वीकृति पत्र समेत दरखास्त साथ पेश गर्नुपर्नेछ । संस्था प्रमुखको स्वीकृतिपत्रको नमूना अनुसूची ३ मा तोकिए बमोजिम हुनेछ ।

(६) शोधवृत्तिका लागि शोध प्रस्ताव स्वीकृत भएपछि वैज्ञानिकहरुले शोधवृत्ति स्वीकारपत्र पेश गर्नुपर्नेछ । शोधवृत्ति स्वीकारपत्रको नमूना अनुसूची ४ मा तोकिए बमोजिम हुनेछ ।

६. समितिको गठन : (१) मन्त्रालयमा आवेदकहरुबाट प्राप्त दरखास्तहरु मध्येबाट उपयुक्त दरखास्तको छनोट गर्नको लागि देहाय बमोजिमको एक समिति रहनेछ :-

(क) सचिव, विज्ञान तथा प्रविधि मन्त्रालय - अध्यक्ष

(ख) नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठानको विज्ञ प्रतिनिधि - सदस्य

(ग) त्रिभुवन विश्वविद्यालयको विज्ञ प्रतिनिधि - सदस्य

(घ) सह-सचिव, अर्थ मन्त्रालय - सदस्य

(ङ) सह-सचिव, राष्ट्रिय योजना आयोग - सदस्य

(च) विश्वविद्यालय अनुदान आयोगको विज्ञ प्रतिनिधि - सदस्य

(छ) सह-सचिव,मन्त्रालयको विज्ञान तथा प्रविधि प्रवर्द्धन महाशाखा हेर्ने- सदस्य-सचिव

(२) उपदफा (१) बमोजिमको समितिले दरखास्तहरुको छनोट गर्ने काममा आफूलाई सहयोग गर्न आवश्यकतानुसार उपसमिति गठन गर्न सक्नेछ ।

७. समितिको बैठक : (१) समितिको बैठक आवश्यकतानुसार बस्नेछ ।

(२) समितिको बैठक अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

(३) समितिको बैठकमा छलफल हुने विषय सहितको सूचना सदस्य- सचिवले लिखित वा मौखिक रुपमा सवै सदस्यलाई दिनु पर्नेछ ।

(४) समितिको बैठकमा समितिका बहुमत सदस्य उपस्थित भएमा समितिको गणपूरक संख्या पुगेको मानिनेछ ।

(५) समितिको बैठकको निर्णय बैठकमा उपस्थित सदस्यको बहुमतद्वारा गरिनेछ ।

(६) समितिको बैठकको निर्णय, निर्णय पुस्तिका (माइन्यूट वुक) मा लेखिनेछ ।

(७) समितिको बैठकको निर्णय सदस्य-सचिवले प्रमाणित गर्नेछ ।

(८) समितिको बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

## परिच्छेद-४

## बजेट सम्बन्धी व्यबस्था

८. बजेट सम्बन्धी व्यबस्था : (१) वैज्ञानिकहरुलाई कम्तीमा नेपाल सरकारको अधिकृत स्तरको पारिश्रमिक प्रदान गरिनेछ । स्वयंसेवी भई सेवा गर्न ईच्छुक वैज्ञानिकहरुलाई प्रोत्साहित गरिनेछ ।

(२) वैज्ञानिकहरुलाई शोधपत्र तथा अनुसन्धानवृत्तिका रूपमा बढीमा रु पाँच लाख सम्म प्रदान गरिनेछ । उक्त रकमको फाँटवारी आफू सम्बद्ध संस्था मार्फत् मन्त्रालयमा पेश गर्नु पर्नेछ ।

(३) उपदफा (२) वमोजिम प्राप्त अनुसन्धानवृत्तिलाई वैज्ञानिकहरुले प्रयोगशालामा आवश्यक पर्ने सामाग्री, सेमिनार, मिटिङ्ग वा गोष्ठी, भ्रमण खर्च तथा शोध प्रकाशन आदिमा खर्च गर्नुपर्नेछ ।

(४) वैज्ञानिकहरुले अनुसन्धानका लागि गरिएको अनुसन्धानवृत्तिको करारनामाको अवधिसम्म काम गर्नु पर्नेछ । कुनै कारणवश अनुसन्धान बिचमा नै छाड्नु परेको अवस्थामा शोधबापत लिएको सम्पूर्ण रकम फिर्ता गर्नु पर्नेछ ।

## परिच्छेद-५

## विविध

९. सहयोग गर्नुपर्ने : यस कार्यविधि बमोजिमको कार्यक्रम संचालन कार्यमा सहयोग गर्नु सम्बन्धित सबैको कर्तव्य हुनेछ ।

१०. कार्यविधि परिमार्जन गर्न सकिने : मन्त्रालयले आवश्यकतानुसार यस कार्यविधिको परिमार्जन गर्न सक्नेछ ।

११. बाधा अडकाउ फुकाउने : यस कार्यविधिको कार्यान्वयनमा कुनै बाधा आइपरेमा मन्त्रालयले बाधा अडकाउ फुकाउन सक्नेछ ।

अनुसूची-१

(दफा ५ को उपदफा (३) सँग सम्बन्धित)

'फर्क है वैज्ञानिक' शोधवृत्तिका लागि दरखास्तको नमूना

१. अनुसन्धानको क्षेत्रः

२. अनुसन्धान कर्ताको विशेषज्ञताः

३. अनुसन्धानकर्ताको नामः

४. ठेगानाः

गाउँ/नगरपालिका

वडा. नं.

इमेल

टेलिफोन नं.

५. जन्म मितिः

६. शैक्षिक योग्यताः

| क्र. सं. | उपाधि | बोर्ड/विश्वविद्यालय | वर्ष | विषय | प्राप्ताङ्क % |
|---|---|---|---|---|---|
| १. | | | | | |
| २. | | | | | |
| ३. | | | | | |
| ४. | | | | | |

७. हालसम्म प्राप्त तालिम, शोधवृत्ति, पुरस्कार, सम्मान र पदकको विवरण

८. सरकारी वा विश्वविद्यालयमा सेवा गरेको भए नियुक्तिको विवरण

९. विगत पाँच वर्षमा प्रकाशित वैज्ञानिक प्रकाशनहरू (एस.सि.आई जर्नलमा प्रकाशित मात्र)

१०. शोधप्रस्ताव (बढीमा पाँच पानासम्म, शोधप्रस्तावको नमूना अनुसूची–२ मा दिइएको छ)

११. अनुसन्धान गर्ने आवद्धता चाहेको संस्थाको नाम र ठेगाना (Expected host institution)

१२. सम्बन्धित संस्था प्रमुखको स्वीकृति पत्र (Host institution)

अनुसूची-२

(दफा ५ को उपदफा (४) सँग सम्बन्धित)

'फर्क है वैज्ञानिक' शोधवृत्तिका लागि शोधप्रस्तावको नमूना

१. अनुसन्धानको शीर्षक (Title)

२. पृष्ठभूमी/परिचय (Introduction)

३. शोधको उद्देश्य (Objectives)

४. शोध सामाग्री एवं (Material and methods)

५. शोधका लागि आवश्यक समय (Time frame with detail activities)

६. शोधका लागि आवश्यक बजेट (Financial plan)

(क) एक वर्ष भन्दा कम समयमा सकिने शोधप्रस्तावका लागि बजेट पेश गर्दा कूल बजेट र प्रति तीन महिनामा आवश्यक पर्ने बजेट पेश गर्नु पर्नेछ ।

(ख) एक वर्ष भन्दा बढी समयमा सकिने शोधप्रस्तावका लागि बजेट पेश गर्दा कूल बजेट र प्रति वर्ष आवश्यक पर्ने बजेट पेश गर्नु पर्नेछ ।

(ग) आवश्यक पर्ने उपकरण कम्तिमा एक तिहाई रकम रसायन आदिमा लाग्ने खर्च ।

(घ) तथ्याङ्क सङ्कलन, भ्रमण, सेमिनार र प्रकाशन आदिमा लाग्ने खर्च ।

७. शोधको सम्भावित निष्कर्ष (Expected outcome)

अनुसूची-३

( दफा ५ को उपदफा (५)संग सम्बन्धित)

शोधकार्य गर्नको लागि छनोट गरिएको सम्बन्धित संस्था प्रमुखको स्वीकृति पत्रको नमूना

श्रीमान् ....................................ज्यू
..................................
.......................

श्री/डा. ....................................लाई यस संस्थाले 'फर्क है वैज्ञानिक' शोधवृत्तिका लागि मनोनयन गरेको छ । यस शोधवृत्तिमा चयन भएको खण्डमा शोधकर्ताले मिति ......................... देखि यस संस्थामा शोध गर्न सक्नेछन् । शोधकर्ताको शोध विज्ञान मन्त्रालयबाट शोधवृत्ति सुरु भएको दिनदेखि प्रारम्भ हुने छ ।

भवदीय

......................................
संस्था प्रमुखको नाम र हस्ताक्षर

अनुसूची-४

( दफा ५ को उपदफा (६) सँग सम्बन्धित)

शोधवृत्ति स्वीकारपत्रको नमुना

श्रीमान् ..................................ज्यू
.................................
......................

विषय: फर्क वैज्ञानिक शोधवृत्ति स्वीकार पत्र ।

महोदय,

'फर्क है वैज्ञानिक' शोधवृत्तिका लागि मेरो शोध प्रस्ताव स्वीकृत भएको हुँदा यस शोधवृत्तिको नीति नियमको परिधि भित्र रहेर अनुसन्धान गर्न म सहमत छु । हाल म ...................... .....................विश्वविद्यालय/प्रतिष्ठान/संस्थान/कार्यालय/ठेगानामा कार्यरत छु । म मिति .................... मा नेपाल फर्किएर वा रहेर .. .......................... ........... .................. ............. ...........विश्वविद्यालय/प्रतिष्ठान/संस्थान/कार्यालय/ठेगाना....... ................ ............................... ...............................................अन्तर्गत हुने अनुसन्धानमा संलग्न हुनेछु ।

भवदीय

.............................
शोधकर्ताको नाम र हस्ताक्षर